आज मिति २०८१ साल कार्तिक ०९ गते शुक्रबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ३६ (छतिसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री शेष कान्त पौडेल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३. हाल भएको प्राकृतिक विपदका सम्बन्धमा।
४. खानेपानी व्यवस्थापन सम्बन्धमा।
५. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. तथ्यांक प्रमाणीकरण सम्बन्धमा।
३. रकमान्तर गर्ने सम्बन्धमा।
४. दररेट सम्बन्धमा।
५. भुक्तानी गर्ने सम्बन्धमा।
६. भौतिक पूर्वाधार तर्फको यथार्थ विवरण उपलब्ध गराउने सम्बन्धमा।
७. सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा।
८. धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।
९. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
१०. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्दै अगाडी बढाउने निर्णय गरियो।

निर्णय नम्बर २:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरो प्रकोपले पारेको प्रभाव तथा भौतिक क्षतिको यथार्थ विवरण वडा कार्यालयबाट सो अन्तर्गत रहेका निर्वाचित जनप्रतिनिधि, कर्मचारी, तोकेको प्राविधिक, सुरक्षाकर्मी, राजनीतिक दलका प्रतिनिधि लगायतका सरोकारवाला निकायहरुको सहायतामा नगरपालिकाले तयार गरेको गुगल फर्म अनुसार संकलन गर्ने कार्य सम्पन्न भई वडा समितिबाट सिफारिस भई आएका यसै साथ संलग्न सूची अनुसार प्रभावित घरधुरीको तथ्यांक स्वीकृत गरी सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि पठाउने।

**निर्णय नम्बर ३:**

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारण यस नगरपालिकाको मुख्य राजमार्गको रुपमा रहेको वि.पि राजमार्ग लगायतका नगरपालिका भित्र अन्य सहायक बाटोहरुमा बाढी र पहिरो कारण पूर्ण रुपमा क्षत विक्षत भई यातायात ठप्प भएको, विद्युत आपूर्ति गर्ने पोल, ट्रान्सफर लगायतका संरचनामा क्षति भई विद्युत आपूर्ति पूर्ण रुपमा बन्द भएको, खानेपानीका सम्पूर्ण भौतिक संरचना लगायत वितरणका पाईप नष्ट भई खानेपानी सुविधा ०% भएको, विद्युतको लाईन एवं संचारको सम्पर्क विच्छेद भएको, नगरपालिका भित्रका मुख्य खोलाहरु रोशी खोला, दाप्चा खोला लगायत आसपासका अन्य खोला तथा खहरेले क्षति असंख्य भई आवतजावत, आवास, कृषि, बाली नाली, पशुपंक्षी लगायतको क्षेत्रमा अतुलनीय क्षति भएकोले नमोबुद्ध नगरपालिका भित्रको मुख्य राजमार्ग वि.पि. राजमार्ग र सो आसपासका अन्य सहायक राजमार्ग तथा वडा कार्यालय र नगरपालिकाको केन्द्रसम्म जोड्ने सडकहरु, वडास्तरीय सडकहरुको यथासिघ्र सरसफाई गरी एकतर्फी खोली अतिआवश्यक सवारीसाधन, औषधि, खाद्यान्नको अभाव हुन नदिन दुबै तर्फबाट एक्साभेटर, व्याकुलोडर, जे.सी.बि. जस्ता साधन भाडामा लिई काम सुरु गरिएको र सोको लागि आवश्यक पर्ने इन्धन, भाडा लगायत आवश्यक खर्च नगरपालिकाले नियमानुसार गर्ने भनि निर्णय भएको अनुसार भुक्तानीका लागि आवश्यक कागजात पेश भएको सन्दर्भमा नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौ अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा प्रकोप व्यवस्थापन कोषमा बजेट अप्रयास भएकोले सोही नगर सभाको निर्णयानुसार प्रत्यायोजन भए बमोजिम तपसिल बमोजिम गर्ने।

तपसिलः

| क्र.म. | रकमान्तर गरिने शिर्षक | रकमान्तर भएको बजेट (रु.) | रकमान्तर अनुसार बजेट विनियोजन तथा थप गरिएको शिर्षक | रकमान्तर पश्चात थप भएको बजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | विभिन्न संघ संस्था साथै सरकारी निकायसँग साझेदारी कार्यक्रम | ४५,००,००० (अक्षेरुपी पैतालिस लाख) | प्रकोप व्यवस्थापन कोष | ४५,००,००० (अक्षेरुपी पैतालिस लाख) | |
| २. | वडागत रुपमा विनियोजन गरिएको सिलिङ्गबाट प्रति वडा रकम रु. १० लाखका दरले | १,१०,००,००० (अक्षेरुपी एक करोड दश लाख) | प्रकोप व्यवस्थापन कोष | १,१०,००,००० (अक्षेरुपी एक करोड दश लाख) | |
| **जम्मा** | | **१,५५,००,००० (अक्षेरुपी एक** | | **१,५५,००,००० (अक्षेरुपी एक** | |

| | | | | |
|---|---|---|---|---|
| | करोड पचपन्न लाख) | | करोड पचपन्न लाख) | |

<u>निर्णय नम्बर ४:</u>

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारण यस नगरपालिकाको मुख्य राजमार्गको रुपमा रहेको वि.पि राजमार्ग लगायतका नगरपालिका भित्र अन्य सहायक बाटोहरुमा बाढी र पहिरो कारण पूर्ण रुपमा क्षत विक्षत भई यातायात ठप्प भएकोले नमोबुद्ध नगरपालिका भित्रको मुख्य राजमार्ग वि.पि. राजमार्ग र सो आसपासका अन्य सहायक राजमार्ग तथा वडा कार्यालय र नगरपालिकाको केन्द्रसम्म जोड्ने सडकहरु, वडास्तरीय सडकहरुको यथासिघ्र सरसफाई गरी एकतर्फी खोली अतिआवश्यक सवारीसाधन, औषधि, खाद्यान्नको अभाव हुन नदिन दुवै तर्फबाट एक्साभेटर, व्याकुलोडर, जे.सी.बि. जस्ता साधन भाडामा लिई काम सुरु गरिएको र सोको लागि आवश्यक पर्ने इन्धन, भाडा लगायत आवश्यक खर्च नगरपालिकाले नियमानुसार गर्ने भनि निर्णय भएको अनुसार ईन्धन बाहेक भाडामा प्रयोग गरिएको मेशिनरी औजारको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को प्रयोजनको लागि न्यूनतम दररेट निर्धारण गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समिति, काभ्रेपलाञ्चोकबाट स्वीकृत आर्थिक वर्ष २०८१/०८२ को जिल्ला दररेट अनुसार स्वीकृत गरिएको स्थानीय दररेट र सोही जिल्ला दररेटको आधारमा गरिएको दर विश्लेषणमा उल्लेख नभएको हुँदा सडक विभागको मेशिनरी औजार दर अनुसार तपसिल बमोजिम कायम गर्ने।

| क्र.म. | थप गरिएको ITEM | कायम गरिएको दररेट भ्याट सहित (रु.) | कैफियत |
|---|---|---|---|
| १. | ईन्धन बाहेक प्रयोग गरिएको व्याकुलोडर | रु. १०५० | |
| २. | ईन्धन बाहेक प्रयोग गरिएको एक्साभेटर | रु. १८०० | |

<u>निर्णय नम्बर ५:</u>

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारण यस नगरपालिकाको मुख्य राजमार्गको रुपमा रहेको वि.पि राजमार्ग लगायतका नगरपालिका भित्र अन्य सहायक बाटोहरुमा बाढी र पहिरो कारण पूर्ण रुपमा क्षत विक्षत भई यातायात ठप्प भएको, विद्युत आपूर्ति गर्ने पोल, ट्रान्सफर लगायतका संरचनामा क्षति भई विद्युत आपूर्ति पूर्ण रुपमा बन्द भएको, खानेपानीका सम्पूर्ण भौतिक संरचना लगायत वितरणका पाईप नष्ट भई खानेपानी सुविधा ०% भएको, विद्युतको लाईन

| | | | वितरण गरिएको | |
|---|---|---|---|---|

निर्णय नम्बर ६:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारण आएको बाढी तथा पहिरोको कारणले भएको भौतिक पूर्वाधार तर्फ (खानेपानी, संघीय तथा प्रादेशिक सडकहरु, नगर तथा वडा स्तरीय सडक, कृषि तथा पशुपंक्षीतर्फ, सिंचाई लगायत) को क्षतिको यथार्थ विवरण संकलन गरी यथाशिघ्र उपलब्ध गराउने।

निर्णय नम्बर ७:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरो प्रकोपले पारेको प्रभाव तथा भौतिक क्षतिको यथार्थ विवरण संकलनका लागि विभिन्न जिम्मेवारी सहित खटाईएका कर्मचारीलाई तपसिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने।

तपसिलः

| क्र.म. | विवरण | संचार खर्च वापत | दैनिक भत्ता वापत | कैफियत |
|---|---|---|---|---|
| १. | क्षतिको विवरण संकलन कार्यमा विभिन्न जिम्मेवारी सहित खटाईएका कर्मचारीहरुलाई सेवा सुविधा | रकम रु. ५०० (अक्षेरुपी पाँच सय) | रकम रु. १५०० (अक्षेरुपी पन्ध्र सय) | |

निर्णय नम्बर ८:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारण आएको बाढी तथा पहिरोले आहतमा परेका नागरिकहरुलाई राहत उपलब्ध गराउन सहयोग गर्नुहुने ३ (तिन) तहकै सरकार, दातृ निकायहरु, राजनीतिक दल, सुरक्षा निकाय, सरकारी तथा अर्ध सरकारी निकायहरु, गैर सरकारी संस्था, नागरिक समाज, व्यवसायीहरु, संचारकर्मी, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरु, वित्तीय संस्थाहरु, आम नागरिक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने।

एवं संचारको सम्पर्क विच्छेद भएको, नगरपालिका भित्रका मुख्य खोलाहरु रोशी खोला, दाप्चा खोला लगायत आसपासका अन्य खोला तथा खहरेले क्षति असंख्य भई आवतजावत, आवास, कृषि, वाली नाली, पशुपंक्षी लगायतको क्षेत्रमा अतुलनीय क्षति भएकोले नमोबुद्ध नगरपालिका भित्रको मुख्य राजमार्ग वि.पि. राजमार्ग र सो आसपासका अन्य सहायक राजमार्ग तथा वडा कार्यालय र नगरपालिकाको केन्द्रसम्म जोड्ने सडकहरु, वडास्तरीय सडकहरुको सरसफाई गरी एकतर्फी खोली अतिआवश्यक सवारीसाधन, औषधि, खाद्यान्नको अभाव हुन नदिन दुवै तर्फबाट एक्साभेटर, व्याकुलोडर, जे.सी.बि. जस्ता साधन भाडामा लिई काम सुरु गरिएको र सोको लागि आवश्यक पर्ने इन्धन, भाडा लगायत आवश्यक खर्च नगरपालिकाले नियमानुसार गर्ने भनि निर्णय भएको साथै प्रभावित परिवारहरुका लागि दैनिक उपभोग्य सामाग्रीहरु (चामल, दाल, नुन, तेल, साबुन, जीवनजल) तथा न्यानो वस्तु (त्रिपाल, ब्याल्केट) लगायत वितरण गर्ने भनि निर्णय भए अनुसार भुक्तानीका लागि हालसम्म पेश भएका आवश्यक कागजातको सन्दर्भमा तपसिल बमोजिम नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौ अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने।

| क्र.म. | विवरण | भुक्तानीको लागि पेश भएको रकम | प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| १. | ईन्धन | भ्याट सहित रकम रु. २४,२०,१४८.३७ | क्षति भएका राजमार्ग, नगर तथा वडा स्तरीय सडक सरसफाईका लागि | असोज मसान्तसम्मको |
| २. | दैनिक उपभोग्य सामाग्रीहरु | भ्याट सहित रकम रु.१७,५८,८९५ | प्रभावित घर परिवारका लागि वडा कार्यालय मार्फत दैनिक उपभोग्य सामाग्रीहरु चामल, दाल, नुन, तेल, जीवनजल लगायत वितरण गरिएको | |
| ३. | साबुन | भ्याट सहित रकम रु. ४७,७७४.९८ | प्रभावित घर परिवारका लागि वडा कार्यालय मार्फत तत्काल सरसफाईका लागि वितरण गरिएको | |
| ४. | त्रिपाल (३०० थान) | भ्याट सहित रकम रु. ५,७०,००१.३८ | प्रभावित घर परिवारका लागि वडा कार्यालय मार्फत तत्काल अस्थायी आवासका लागि वितरण गरिएको | |
| ५. | ब्याल्केट (२०० थान) | भ्याट सहित रकम रु. ३,१३,६०० | प्रभावित घर परिवारका लागि वडा कार्यालय मार्फत तत्काल न्यानो कपडा स्वरूप | |

निर्णय नम्बर ९:

नेपाल सरकार, श्रम, रोगजार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं. ४-२०८१/०८२, च.नं./pmep/१२३, मिति २०८१/०६/२१ गतेको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ (प्रथम संशोधन) सम्बन्धी प्राप्त पत्रानुसार यस नगरपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारण आएको बाढी तथा पहिरोबाट प्रभावित क्षेत्रमा विपद् व्यवस्थापन तथा न्यूनीकरणका साथै पूर्वाधार पुनर्निर्माण तथा सरसफाईको क्षेत्रमा परिचालन गर्ने र सोही सम्बन्धी रोजगार आयोजनाहरु संचालन गर्ने।